नेपाल सरकार

# परराष्ट्र मन्त्रालय

काठमाडौं, नेपाल

२०७६/७/२३

## प्रेस वक्तव्य

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको समुपस्थितिमा आज प्रधानमन्त्री निवास, बालुवाटारमा नेपाल-भारत सीमा समस्या र यसबाट उत्पन्न पछिल्लो अवस्था सम्बन्धी सर्वदलीय/सर्वपक्षीय बैठक सम्पन्न भयो । बैठकमा पूर्व प्रधानमन्त्रीहरू, संघीय संसदमा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलका नेताहरू, मन्त्रीहरू, पूर्व परराष्ट्र मन्त्रीहरू, सीमाविद् एवं विज्ञहरू सहभागी हुनुहुन्थ्यो ।

बैठकले नेपालको कालापानी क्षेत्र समेतलाई समाहित गर्दै भारतले हालै जारी गरेको राजनीतिक नक्सा मान्य नहुने ठहर गरेको छ । यस सम्बन्धमा लिएको स्पष्ट दृष्टिकोण र अडानका लागि बैठकले सरकारलाई धन्यवाद दिएको छ । लिम्पियाधुराबाट उत्पत्ति भई बग्ने काली नदी नै महाकालीको वास्तविक उद्गम भएको र त्यस पूर्वका लिपुलेक लगायत कालापानी क्षेत्र नेपालकै भएको कुरा उपलब्ध ऐतिहासिक प्रमाण, नक्सा र अन्य कागजातका आधारमा पुष्टि हुन्छ भन्ने कुरामा बैठकको मतैक्यता रह्यो । यस आधारमा राम्रो तयारीका साथ समस्या समाधानका लागि भारत सरकारसँग प्रभावकारी ढङ्गबाट कुटनीतिक पहल सुरु गर्न बैठकले सरकारलाई सुझाव दिएको छ । राष्ट्रियता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय हितको पक्षमा सरकारले चाल्ने कदममा आफूहरूको पूर्ण सहयोग र समर्थन रहने विश्वास सबै राजनीतिक दलका नेताहरूले व्यक्त गर्नु भएको छ ।

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रिय हितका पक्षमा बैठकमा व्यक्त साझा भावना र सहमतिका लागि सबै राजनीतिक दल र पक्षलाई धन्यवाद दिनुभयो । उहाँले प्राप्त सुझावहरूले सरकारलाई मार्गदर्शन गरेको र बैठकमा अभिव्यक्त राष्ट्रिय एकताको भावनालाई प्रतिनिधित्व गर्दै सरकार प्रभावकारी पहलकदमीका साथ अगाडि बढ्ने दृढता व्यक्त गर्नु भयो । उहाँले वर्तमान सरकार राष्ट्रिय हितका पक्षमा दृढता र कुशलताकासाथ अगाडि बढ्ने कुरामा विश्वस्त रहन आग्रह गर्दै सम्पूर्ण देशवासीलाई संयमता अपनाउन आह्वान गर्नुभयो । सरकारले सार्वभौम समानताको सिद्धान्त र राष्ट्रिय हितलाई केन्द्रबिन्दुमा राखेर छिमेकी मित्र राष्ट्र भारतसँगका सीमा समस्यालाई कुटनीतिक माध्यमबाट समाधान गर्न र मित्रतालाई नयाँ उचाइमा पुर्‍याउन चाहेको पनि उहाँले स्पष्ट पार्नुभयो ।